# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

आर्थिक रूपान्तरण तथा सवलीकरणमार्फत गरीबी निवारणमा महत्वपूर्ण भूमिका खेल्ने लघु वित्त संस्थाहरूलाई कर छुट दिनु उपयुक्त हुने गभर्नर डा. युवराज खतिवडाले बताउनुभएको छ ।

नेपाल राष्ट्र बैंक, बैंकर्स प्रशिक्षण केन्द्रले चैत ११ गते धुलिखेलमा आयोजना गरेको "BANKING TO THE POOR" विषयक सेमिनारको उद्घाटन गर्दै गभर्नर डा. खतिवडाले देश ऊर्जा सङ्कटकालमा रहेकोले लघु वित्त संस्थाहरूले पनि लघु जलविद्युत् तथा वैकल्पिक ऊर्जामा लगानी बढाउन आवश्यक रहेको बताउनुभयो । यसका लागि सरकारको तर्फबाट आवश्यक नीतिगत सुधार तथा सहज वातावरण निर्माण गरी सहयोग गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।




देशको आर्थिक रूपान्तरणका लागि बैंक तथा वित्तीय संस्थाहरूको कर्जा अनुत्पादक क्षेत्र तथा सीमित व्यक्तिमा केन्द्रित नगरी उत्पादनमूलक हिसाबले सकेसम्म बढी जनतासम्म पुऱ्याई आर्थिक सशक्तिकरणको वातावरण सिर्जना गरिनु पर्ने चर्चा गर्दै गभर्नर डा. खतिवडाले करमा छुट दिँदा महिलाका नाममा सम्पत्ति रजिस्ट्रेशन बढे जस्तै लघु वित्तमा पनि यस्तै उत्प्रेरणात्मक नीति आवश्यक रहेको बताउनुभयो ।

लघु वित्त संस्थाहरूको कर्जा विना धितो प्रवाह हुने भएकोले बढी जोखिम रहने उल्लेख गर्दै गभर्नर डा. खतिवडाले कर्जा सुरक्षणमार्फत यस्तो कर्जा ८० प्रतिशतसम्म सुरक्षित गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

बैंकर्स प्रशिक्षण केन्द्रका कार्यकारी निर्देशक श्री त्रिलोचन पंगेनीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त सेमिनारमा स्रोत व्यक्तिहरू श्री भाष्करमणि ज्ञवाली, श्री प्रदिपराज पौडेल र श्री मेघराज गजुरेलले छुट्टाछुट्टै विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सेमिनारमा लघु वित्त विकास बैंक, लघु कर्जा कारोबार गरिरहेका गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरूका साथै लघु वित्तसँग सम्बन्धित नेपाल राष्ट्र बैंकका अधिकृतहरू गरी जम्मा ४० जनाको सहभागिता रहेको थियो ।

**गभर्नरको कार्यालय**